म.जि.प्र.का दर्ता नं:
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- ३११ २०८० असोज २० गते शनिबार 7 October 2023, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



सम्पर्क ०५७-५९०९७७

QRL (Qualified Reference Lab)

हेटौंडा-१, ब्लडबैंकअगाडि

# देशमा परिवर्तन गर्न सकिन्छः माधव नेपाल



*हेटौंडाको सीमाचोकमा आयोजित जनसभालाई सम्बोधन गर्नुहुँदै माधव कुमार नेपाल ।*

समाज संवाददाता

हेटौंडाः नेकपा एकीकृत समाजवादीका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री माधव कुमार नेपालले सही काम गरे देश परिवर्तन गर्न सकिने बताउनुभएको छ । हेटौंडामा शुक्रबार समाजवादी जागरण अभियान अन्तर्गत आयोजना गरिएको जनसभालाई सम्बोधन गर्नुहुँदै अध्यक्ष नेपालले वर्तमान अवस्थामा राज्यका सबैजसो निकायमा, सरकारी प्रशासन र न्यायिक क्षेत्रमा भ्रष्टाचार र ढिलासुस्ती रहेको उल्लेख गर्नुभयो ।

देशमा भ्रष्टाचारलाई प्रोत्साहित गर्ने खालको नीति सरकारले संघीय, प्रादेशिक र स्थानीय सरकारले आवश्यक सेवा प्रवाह नगरेको उहाँले दावी गर्नुभयो । पार्टीले सुशासन कायम गर्न र भ्रष्टाचारको अन्त्य गर्न लागी परेको बताउनुहुँदै सुशासनका लागि आवश्यक सबै कानुनी प्रबन्ध गर्न र तिनको प्रभावकारी कार्यान्वयन गर्न संसद् र सरकारमा पहलकदमी लिने बताउनुभयो । भ्रष्टाचार सबैतिर भएकोले राजनीतिक पार्टीहरूको संरचना र कार्यप्रणालीले नै भ्रष्टाचारलाई निरुत्साहित गर्न आवश्यक रहेको धारणा राख्नुभयो । आफ्नो पार्टी सरकारमा हुँदा फास्ट्र्याकको उद्घाटन मकवानपुरमाबाट गरेको बताउँदै निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल बनाउने निर्णय गरेको बताउनुभयो ।

कार्यक्रममा पार्टीका उपाध्यक्ष एवम बागमती प्रदेशका निवर्तमान मुख्यमन्त्री राजेन्द्र पाण्डेले शिक्षा, स्वास्थ्यमा जनातालाई सम्पन्न बनाउनुपर्ने बताउनुभयो । पार्टीले भ्रष्टाचार अन्त्य गर्दै सुशासनको नारा लिएर हिंडेको बताउँदै सानो दल भएकोले केही समस्या आइपर्न सक्ने धारणा राख्नुभयो । देशमा वर्षेनी ८ लाखको संख्यामा युवा विदेश जान बाध्य भएको अवस्थामा सरकारले कृषिलाई आधुनिकीकरण गरी आफुलाई आवश्यक मल, बीउ स्वदेशमै उत्पादन गर्न आवश्यक रहेको औंल्याउनुभयो ।

एकीकृत समाजवादीका केन्द्रिय सदस्य तथा मकवानपुर जिल्ला इन्चार्ज मुनु सिग्देल अध्यक्षता भएको कार्यक्रममा नेकपा एकीकृत समाजवादी नेता तथा पूर्व प्रधानमन्त्री झलनाथ खनाल, पार्टी केन्द्रिय उपाध्यक्ष प्रमेश हमाल, पार्टी केन्द्रीय सचिव रामकुमारी झाक्री, पार्टी स्थायी कमिटी सदस्य ललित बस्नेत, पार्टी स्थायी कमिटी सदस्य विरोध खतिवडा लगायत नेता, कार्यकर्ताहरुको उपस्थिति रहेको थियो । जनसभासँगै अगुवा कार्यकर्तालाई हेटौंडाको रोयल पाटी प्यालेसमा पार्टी अध्यक्षसहित वरिष्ठ नेताहरुले सम्बोधन गरेका थिए ।

# सहायक प्रजिअमा चापागाईं

समाज संवाददाता

हेटौंडाः जिल्ला प्रशासन कार्यालय मकवानपुरमा झरेन्द्रप्रसाद चापागाईंले सहायक प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी सम्हाल्नु भएको छ । गत बुधबारबाट चापागाईंले जिम्मेवारी सम्हाल्नुभएको हो ।

यसअघिका नेत्रप्रसाद शर्मा चन्द्रनिगाहपुरको इलाका प्रशासनको उपसचिवको रुपमा सरुवा भई जानुभएको छ । चापागाई यसअघि चन्द्रनिगाहपुरको इलाका प्रशासनको उपसचिवको रुपमा कार्यरत हुनुहुन्थ्यो । चापागाईंले चाडबाड नजिकिँदै गर्दा कार्यालयले बजार अनुगमनका काममा तिव्रता दिनेसमेत बताउनुभयो ।

# पुनर्स्थापना केन्द्रको अनुगमन

समाज संवाददाता

हेटौंडाः जिल्ला प्रशासन कार्यालय मकवानपुरले जिल्लामा रहेका लागूऔषध प्रयोगकर्ताहरुको लागि सञ्चालनमा रहेको ७ वटा उपचार तथा पुनर्स्थापना केन्द्रहरुको अनुगमन गरेको छ । बुधवार सहायक प्रमुख जिल्ला अधिकारी झरेन्द्रप्रसाद चापागाईंको संयोजकत्वमा अनुगमन गरेको जिल्ला प्रशासन कार्यालय मकवानपुरले जनाएको छ ।

कार्यालयले जिल्लामा रहेको ब्रिज अफ होप, सुरवात (भक्तपुरको शाखा कार्यालय), सहारा समूह, सिआन पुनर्स्थापना केन्द्र, पिरु फउण्डेसन पुनर्स्थापना केन्द्र, मकवानपुर रिकभरिङ समूह र नीता फउण्डेसन (पर्साको शाखा विस्तार) पुनर्स्थापना केन्द्रहरुको अनुगमन गरेको छ । कार्यालयले सिआन पुनर्स्थापना केन्द्रलाई मापदण्ड पूरा गर्न निर्देशन दिएको छ ।

अनुगमनको क्रममा नीता फाउण्डेसनले मकवानपुरमा सञ्चालन गर्ने अनुमति नलिएको पाइएको छ । फाउण्डेसनलाई १५ दिनभित्र सेवा विस्तारको अनुमति लिन निर्देशन दिइएको छ । अनुगमन भएका अधिकांश पुनर्स्थापना केन्द्रमा जग्गाको क्षेत्रफल नपुगेको कार्यालयले जनाएको छ । अनुगमनका क्रममा पुनर्स्थापना केन्द्रहरुले भान्सामा खानाको तालिका राख्न, साँघुरो भएको भवन सार्नसमेत निर्देशन दिइएको छ । अनुगमनको क्रममा जिल्ला जनस्वास्थ्य कार्यालयका तथ्याङ्क अधिकृत भागर थप्रसाद रौनियार, स्वास्थ्य कार्यालयका ठाकुर पौडेल, हेटौंडा उपमहानगर पालिकाका शाखा अधिकृत गंगा चौलागाई र मकवानपुर रिकभरिङ समूहका सन्दीप शाक्यलगायतको उपस्थिति रहेको थियो ।

# हेटौंडा उपमहानगरका कर्मचारी आन्दोलित

समाज संवाददाता

हेटौंडाः संघीय निजामती सेवा ऐनको विरोधमा हेटौंडा उपमहानगरपालिकाका कर्मचारीहरुले आन्दोलन गरेका छन् । संघीय सरकारले संसदमा पेस गरेको संघीय निजामती सेवा ऐनको विरोधमा शुक्रबार बिहान हेटौंडा उपमहानगरपालिकाका कर्मचारीहरुले कार्यालय परिसरमा विरोध प्रदर्शन गर्दै प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाईंलाई ज्ञापनपत्र बुझाएका छन् ।

संसदमा संघीय निजामती सेवा ऐनको मस्यौदा तयार भएर संसदमा आउने चरणमा रहेको अवस्थामा निजामती कर्मचारीको हित विपरित भएको भन्दै कर्मचारी आन्दोलनमा उत्रिएका हुन् । स्थानीय तहका कर्मचारीहरुको केन्द्रीय संघर्ष समितिले काठमाडौंको माइतिघरमा आन्दोलन गरेकाले ऐक्यबद्धता जनाउँदै २ घण्टासम्म पेनडाउन गरेको हेटौंडा उपमहानगरपालिकाका कानुन शाखा प्रमुख लक्ष्मण मैनालीले जानकारी दिनुभयो । मैनालीका अनुसार माग सम्बोधन नभएसम्म दैनिक २ घण्टा पेनडाउन गर्ने जानकारी गराउनुभयो ।

कर्मचारीहरुले निजामतीको परिभाषा भित्र स्थानीय तहका कर्मचारीलाई समेट्नु पर्ने, बिना सहमति ७५३ वटै स्थानीय तहमा वैज्ञानिक पूर्वानुमानयोग्य चक्रिय प्रणालीमा सरुवा गरिनु पर्ने, संघीय निजामती सेवा ऐनको सट्टा एकीकृत निजामती सेवा ऐन जारी गरिनु पर्नेजस्ता विभिन्न १५ वटा माग राखेका छन् ।

# बालज्योति माविमा स्वस्थकर खाना प्रदर्शनी



*स्वस्थकर खाना र पोषणसम्बन्धी जानकारी लेखिएको चार्ट अध्ययन गर्दै विद्यार्थी ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-५, पिप्लेस्थित बालज्योति माविमा स्वस्थकर खाना प्रदर्शनी कार्यक्रम भएको छ । शुक्रबार विद्यालयका सबै विद्यार्थीलाई स्वस्थकर खाना प्रदर्शन गरी स्वस्थ खानाको आवश्यकता र फाइदा बारे जानकारी गराइएको विद्यालयकी नर्स प्रतिमा सेढाइले जानकारी दिनुभएको छ ।

६ कक्षादेखि माथिका विद्यार्थीले पोषण पिरामिड बनाएका थिए । पोषण पिरामिडमा आवश्यकता अनुसार अन्न र कन्दमुल, गेडागुडी दाल, फलफुल र सागपात, पशुपंक्षीजन्य र माछामासु राखिएको थियो । सेढाइका अनुसार स्वस्थकर खाना प्रदर्शनी कार्यक्रममा प्रयोग भएको फ्लेक्स, चार्टपेपरहरु विद्यार्थीले आफैं बनाएका थिए । स्वस्थकर खाना प्रदर्शनी कार्यक्रममा वडाध्यक्ष सुशील घिमिरेसहित वडा सदस्यहरुले पनि अवलोकन गरेका थिए ।

प्रदर्शनीको शिक्षक, अभिभावक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीले अवलोकन गरेका थिए । विद्यालयले स्वस्थ खानपिन, पोषिलो खानेकुरा र असल व्यवहारलाई लक्ष्य बनाएर कार्यक्रम सञ्चालन गरेको हो । नर्स सेढाईका अनुसार चिनी, चिल्लो, नुन, तेल सीमित रुपमा खानुपर्ने बताउनुभएको छ । एउटा स्वस्थ आमा बन्नका लागि किशोर उमेरदेखि नै स्वस्थ खानपिन गर्न आवश्यक पर्ने सेढाईले बताउनुभयो ।

## विद्यालयस्तरीय फुटबल सुरु

# निर्मल र देवकी माविको विजयी सुरुवात



*रेफ्रिलाई बल हस्तान्तरण गरेर प्रतियोगिताको उद्घाटन गर्नुहुँदै प्रमुख अतिथि जोशी ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा शुक्रबारदेखि विद्यालयस्तरीय खुल्ला नकआउट फुटबल प्रतियोगिता सुरु भएको छ । शुक्रबार हेटौंडा-६, गौरिटारस्थित गौरिटार रंगशालामा भएको पहिलो दिनको खेलमा हेटौंडा-१९ स्थित निर्मल मावि र बागमती गाउँपालिकाको देवकी माविले विजयी सुरुवात गरेको छ ।

निर्मल माध्यमिक विद्यालयले हेटौंडा-१८ स्थित ज्योति माध्यमिक विद्यालयलाई ३-० गोलअन्तरले पराजित गर्दै विजयी सुरुवात गऱ्यो भने देवकी माविले हेटौंडा-३ स्थित सनसाइन बोर्डिङ स्कूललाई ५-० गोलअन्तरले पराजित गरेको छ । ज्योति माविको तर्फबाट उर्गेन रुम्बाले पहिलो हाफको २९ औं मिनेट र दोस्रो हाफको ३५ औं मिनेटमा पेनाल्टीमा गोल गरे । तेस्रो गोल भने आत्मघाती भएको थियो । म्यान अफ द म्याच निर्मल माविका उर्गेन रुम्बा घोषित भए ।


दोस्रो खेलमा देवकी माविको तर्फबाट पहिलो हाफको ९ औं मिनेटमा लक्ष्मण थिङले सुरुवाती गोल गरे । देवकीका लागि सुवास थिङले १७ औं मिनेटमा दोस्रो गोल गरे । देवकी माविका उप्रान्त लामाले २१ औं मिनेट र ६० औं मिनेटमा गोल गरे भने ३५ औं मिनेटमा सुवास थिङले पनि एक गोल गरेका थिए । म्यान अफ द म्याच देवकी माविका उप्रान्त लामा घोषित भए ।

मकवानपुर जिल्ला फुटबल संघका कार्यवाहक अध्यक्ष युवराज लामाको अध्यक्षता तथा हेटौंडा स्कूल अफ म्यानेजमेन्टका प्रिन्सीपल पुरनबहादुर जोशीको प्रमुख आतिथ्यमा भएको उद्घाटन कार्यक्रममा मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भेष खड्गीको पनि आतिथ्य रहेको थियो ।

प्रतियोगितामा २९ वटा विद्यालयको सहभागिता रहेको छ । प्रतियोगिताको उपाधी विजेता टिमले ५० हजार रुपैयाँ र उपविजेता टिमले २५ हजार रुपैयाँ सहित सिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने विधागत उत्कृष्ट खेलाडीहरुका लागि समेत विशेष पुरस्कारको व्यवस्था गरिएको छ । प्रतियोगिताको फाइनल खेल असोज २७ गते हुने आयोजकले जनाएको छ ।

स्वादिष्ट नेवारी खाजा

अब



होटल बासुकला (फास्टफुड) मा

() स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।

() नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायत

सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

हेटौंडा-४ पारिजातपथ, ०५७-५२६०१३

सूचना !!! सूचना !! सूचना !

हेटौंडा उपमहानगरपालिका एवम् हेटौंडास्थित विभिन्न कार्यालय र संघ, संस्थाहरुको कामकाजमा बहिरा व्यक्ति तथा सुस्त श्रवण व्यक्तिसँगको सञ्चारलाई सहजीकरण गर्न हेटौंडा उपमहानगरपालिका र मकवानपुर बहिरा संघको साझेदारीमा साङ्केतिक भाषा सहजीकरणका लागि दोभाषेको व्यवस्था गरिएको हुँदा आवश्यक परेमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराउँदछौं ।

सम्पर्कका लागि


महिला तथा बालबालिका विकास महाशाखा

सम्पर्क नं: ०५७-५९०१०३

अम्बिका घिमिरे:- ९८२१९५२६३३ (दोभाषे)

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर

# यात्रा पोखराको



**निकिता भट्टराई**

यात्रै यात्राले भरिएको यस जीवनले थुप्रै कुराको अनुभूति गराएको छ। खासमा मानिसको सार भनेको भ्रमण वा यात्रा हो र यसै यात्रामा म पनि हराएको थिएँ, २०७८ सालमा । कहिल्यै नसोचेको तर मनले भने त्यहाँ जान खोजेको ठाउँ थियो पोखरा । कलिलै उमेरदेखि अनेक ठाउँ भ्रमण गर्न इच्छा राख्ने म पोखरा जाने कुरामा एकदम खुसीले गदगद भएको थिएँ । अप्रत्यासित रुपमा भए तापनि पोखरा भ्रमणको मिठो सपना बुन्न थालेको थिएँ । सायद यात्राको खास कुरा यही होला, यात्रा गर्नुअघि नै मनमा एक किसिमको खुसी उत्पन्न हुन्छ ।

पुस-माघको त्यो जिउ नै सिरसिराउने जाडोमा म लगायत मेरी प्यारी आमा न्यानो भई आमाको काकाको गाडीमा पोखराको यात्रातर्फ लाग्यौँ। पोखरा नपुगेको पनि थुप्रै वर्ष भइसकेको थियो । त्यसैले मभन्दा पनि मेरी आमा निक्कै उत्साहित हुनुहुन्थ्यो। बुबा र दाइ भने आफ्नो कामले पोखराको मनोरम दृश्य अवलोकन गर्न पाउनु भएको थिएन ।

गाडीको झ्यालबाट आउने चिसो हावाले कान चिसिए पनि नदीको त्यो छछल्किएको पानी र त्यही पानी नजिकै घामलाई जिस्काए झैं अटल खडा रही रहेको पहाडको दृश्यले मनमा आनन्द दिइरहेको थियो । त्यही दृश्यलाई हेर्दै अनेकौँ घुम्ती र पहाडहरूलाई छिचोल्दै हामी पोखरा पुग्यौं। बाटोको खल्डाखुल्डी र ६ घण्टाको यात्राले आमा र मेरो जिउ ठूलो ढुङ्गा भन्दा नि गह्रुंगो भएको थियो । त्यसैले आमा र म केही क्षण आराम गर्‍यौं । आमाको फूपु र काकाको घर पोखरा मै भएको कारणले हामीलाई केही अप्ठ्यारो भएन । साँच्चै नै पोखराको हावापानी बेग्लै हुँदो रहेछ, त्यो हावामा आनन्द घुलेको थियो । साफा र चौडा बाटाहरुमा गुडिरहेका ती गाडीहरुको आफ्नै कथा थियो। पोखरा पुगेकै क्षण म त्यहाँको हरेक गल्ली, दोबाटो र कुना-कुना घुम्ने सोचमा मग्न अनि मस्त थिएँ। खानपिन गरेर म पनि दिदीसँग पोखराको प्रसिद्ध एवम् पर्यटकीयस्थल फेवाताल जाने निर्णय गरें ।

जाडोको समय भएको कारणले होला फेवाताल तर्फको यात्रा गर्नुअघि नै साँझ झमक्कै साँझ परिसकेको थियो । मलाई पनि साँझ मै फेवाताल अवलोकन गर्न मन थियो। सायद दिदीले लेकसाइड साँझमै रमणीय हुन्छ भन्नुभएको कारणले होला साँझमा फेवाताल घुम्न जाने उत्साह छुट्टै थियो । हामी पनि मोटा ज्याकेट लगाई सरर चिसो हावा छिचोल्दै फेवातालतर्फ लाग्यौं । फेवातालको त्यस साँघुरो गल्ली र हरेक गल्लीमा तिहार जसरी सजाइएको साना साना तर एकदमै मनमोहक होटल र क्याफेहरू थिए। त्यही सुन्दर क्याफे र होटलहरू छेउमा थुप्रै किसिमका व्यापार भइरहेको थियो। म र मेरी दिदी त्यही लेकसाइडमा पैदल हिँड्दै फेवातालतर्फ लाग्यौं । टललल जून र त्यही जूनलाई छर्लङ्ग देखाएको फेवाताल र वरिपरि झिलिमिली बत्ती त्यही दृश्यले मा मन्त्रमुग्ध भइसकेको थिएँ। थाहा छैन कहाँ थिएँ म त्यो समयमा शरीर त्यहीँ फेवातालमा भए तापनि आत्मा स्वर्गमा पुगे झैं भएको थियो । मैले पनि त्यही फेवातालको छेउको पेटीमा बसेर फेवातालको हरेक छाललाई महसुस गर्दै थिएँ। केही क्षण त्यहाँ बसिसकेपछि फेवातालको छेउमा रहेका क्याफेतिर लागैं ।

पोखराको पहिलो बिहानी आँखा खोल्न नपाउँदै आँखा सामु मच्छापुछ्रे हिमालको सुन्दर दृश्य थियो। चिया खाजा खाई आमा र म आमाको फुपूको घर गयौं र भेटघाट गर्‍यौं । त्यहाँ आमा र आमाको फुपूको परिवारसँग हामी त्यहीँ नजिकैको मन्दिर गयौं र पोखराको अर्को कुना अवलोकन गर्‍यौं। घर फर्किएर हामी ठूलो शिवजीको मूर्ति भएको ठाउँमा जाने निधो गर्‍यौं । घरबाट निस्किएको केही क्षण नभई अचानक ठूलो पानी पर्‍यो । पानी परे तापनि हामी आफ्नो यात्रामा हिँडिरहेका थियौं तर ठूला ठूला असिनाले हाम्रो यात्रा रोकियो। थाहा छैन भाग्यमा नभएर हो कि समयले साथ नदिएर पोखरामा कहिलै नपरेको असिना त्यस दिन जोडदार पर्‍यो । मानौं हिउँ परिर हेको थियो। जसोतसो हामी घर पुग्यौं र मीठो भोजन गर्‍यौं ।

यसरी रमाइलो गरी नयाँ कुरा अनुभव गरी हाम्रो हेटौंडा जाने दिन पनि आएको पत्तो नै भएन । मनमा त्यही पोखराको मिठो याद र फेवातालको सुन्दर दृश्य समाई मच्छापुछ्रे जस्तै चिसो मन लिएर म र मेरी आमा सबैसँग बिदा मागी घर फर्कियौं। भलै छोटो थियो त्यो यात्रा तर त्यो यात्राले मेरो जीवनमा छुट्टै छाप छोडेको थियो। यात्रा साँच्चै मानिसको जीवनको एउटा पाठ हो जहाँ अनेकौं कुरा सिक्न पाइन्छ ।

*कक्षा-१२, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट, हेटौंडा-४*

# भ्रष्टाचार



**युनिशा खनाल**

भ्रष्टाचार नगरी बाँच्ने को नै छ र यहाँ
बनाउनु छ यस्तो मुलुक घुस लिइन्न जहाँ
घुस लिने मानिसलाई काखी च्याप्छन् यहाँ
भ्रष्टाचार नगर्ने मुलुक खोज्नु मैले कहाँ

जीवनको अभिन्न अङ्ग बन्दैछ भ्रष्टाचार
यस्तै गर्नु हो भने हुँदैन यसको उपचार
भ्रष्टाचार नै भ्रष्टाचारले भरिएको देशमा
राक्षस जन्मिएका छन् मानिसको भेषमा

के-के आशा राख्नु जब न्याय निसाफ मै छ भष्टाचार
तर यस्तो कुराको पनि गर्दैनन् कसैले विचार
भ्रष्टाचारीले मात्र पाउँदा रहेछन् यहाँ मान
यस्ता मानिसको कारण घट्दै छ देशको शान

भष्टाचार नै हो सबैभन्दा ठूलो अपराध
यस्ता कार्य गर्ने मानिसलाई कानुनको डोरीले बाँध
भ्रष्टाचार हटाउन एकताको दियो बालौं
हातमा हात मिलाई सँगसँगै पाइला चालौं

*कक्षा-८, ब्रह्मदिक् एकेडेमी, हेटौंडा-४*

# शिक्षा



**श्लेष्टी उप्रेती**

पढाईलाई त्यागी तिमी गलत बाटो गयौ
अब तिमी समाजमा काम नलाग्ने भयौ ।
जे-जे भए नि जिवनमा पढ्नुपर्छ साथी
पढाईभन्दा ठुलो अरु केही छैन माथी ।

पढेर नै डाक्टर बने, इन्जिनियर बने
बा-आमाले पनि आशिर्वादमा धेरै पढ भने ।
मनमा कुरा राखी तिमी बुझी हेर संसार
पढाई नै हो ठुलो धन सफलता अपार ।

गलत बाटो छोड तिमी विद्यालय आऊ
ज्ञानको सागरमा डुबी तिमी रमाऊ ।

*कक्षा-८, बालजागृति इंग्लिस सेकेण्डरी स्कुल हेटौंडा-२*

# स्कुल



**कृष्मा लौंडारी**

स्कूलमा पाउँछौं हामी धेरै राम्रा ज्ञानहरू
राम्रो बानी सिक्न आउँछन् धेरै-धेरै सानाहरु
आछन् स्कूल पढ्नलाई सिक्छन् धेरै जाति
पढ्न पनि मजा आउँछ बनाएसी राम्रा साथी

शिक्षकले सिकाउने राम्रो बानी स्कुलमा
अभिभावक पछि ठुलो हुने हो नै गुरु, गुरुआमा
गोलो धर्को, पुच्छर, बाटो, बनाई लेख्न सिकाएको क
विद्यालय नभए त विद्वान कसरी बन्ने म

विद्यालय गएपछि सिक्छौं हामी राम्रो बानी
विद्यालय गए पो त असल व्यक्ति बन्छौं हामी
शिक्षकहरुको भगवान मन्दिर यो विद्यालय
सबै हासिल गर्न सक्छौं रमाई-रमाई स्कुल गएँ हामी

*कक्षा-८, ब्रह्मदिक् एकेडेमी, हेटौंडा-४*

# मेरी आमा



**सालिना गौतम**

कसरी बयान गरुँ आमा
ममता तिमीले दिएको ॥
म भाको नहोस् भनी
केही नखाई तिमीले पानी मात्र पिएको

कसरी बयान गरुँ आमा
ममता तिमीले दिएको ॥

मलाई लुगा होस् भनी
आफ्नो फरिया च्याति सिएको,
रात र दिन नभनी
मलाई काखमा लिएको ।

कसरी बयान गरुँ आमा
ममता तिमीले दिएको ॥

दुधको धारा तिमीले
मेरा लागि बगाएको,
कसरी बयान गरुँ
आमा ममता तिमीले दिएको ॥

*कक्षा-९, ज्ञानोदय बालबाटिका आवासीय मावि, हेटौंडा-५*

# खुला आकाश



**अनुष्का बानियाँ**

मन छ मलाई उड्न
खुला आकाशमा पन्छी झैँ
भुली सारा दुःख भुली संसार
बस आफैँमा रमाई
पैसाको धनी होइन
मनको धनी भई
सारा खुसी कमाई
आशा जगाई यो
सुन्दर संसार मै

साहस छैन अब सुन्न
कसैको तिता वचन
बस मन त छ केवल
छुन माथि गगन
सुनाउन मन छ
भावना बादललाई
रुन मन छ झरीसँगै
उड्न मन छ
खुला आकाशमा चरीझैं

सम्झाउँछु आफ्नै संसार
रङ्गीन खुसी समेटेर
चरी, बादल, झरी,
किरण सबैसँग भेटेर
आफ्नै सोचमा मग्न भई
जिउनु छ बेखैवाफ
बस मन त छ केवल
छुन खुला आकाश

*कक्षा-९, नवोदय शिशु सदन, हेटौंडा-४*

# सुन्दर नेपाल



**शवरी ढकाल**


सुन्दर नेपाल चम्कियो
हरियालीले भरियो
जतातत‍ै नेपालको
तारिफ चाहियो ।

नेपाल हाम्रो हरियाली भूमि
नेपाल हाम्रो ज्ञानको खानी
खोला हाम्रो जलको खानी
बन्न सकूँ त्यसको नानी

नेपालमा हरियाली भरिपूर्ण पाइन्छ
सगरमाथा झैं उच्च
विचार नेपालमा पाइन्छ
सम्मान यहाँ भरिपूर्ण पाइन्छ ।


*कक्षा-६, रिलायन्स इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-५*

# चित्रकला






**पुजा अधिकारी**
सद्धार्थ शिशु सदन मावि, हेटौंडा-५





**दिपासना थापा**
कक्षाः-१०
जिएस निकेतन, हेटौंडा-५

## गाउँखाने कथा

१. रामु तल श्यामु माथि, श्यामु तल रामु माथि, यो खेल खेल्न नजान्नेलाई भने हुन्छ लाटालाटी ।
- ढिकीच्याउँ

२. यसैले सुखी यसैले दुःखी, यो भने हिँड्छ, आफूखुसी ।
- धन

३. यहाँ छन् बनियाँ बजार छैन, त्यो खोजे पाइँदैन, पाए चाहिँदैन ।
- कुइरो

४. बहिनी भन्छे आइज आइज, दिदी भन्छे नाइँ–नाँइ ।
- केरा र पिपलका पात

५. रातभरि देखिन्छ दिउँसो देखिन्न, टिपूँ– टिपूँ भन्यो टिप्न सकिन्न ।
- तारा

**तपाईका साहित्यिक रचनाहरू समृद्ध समाज दैनिकमा प्रकाशन गर्ने ईच्छा भए**

sambridhasamaj@gmail.com

# नेपालको गौरव हो प्रहरी



**बिक्रान्त सिंह राजपुत**

जागौं नेपाली, सुनौं प्रहरीको वीर गाथा
तिनीहरुका लागि बनाउँ हामी राम्रो प्रथा
संविधानमा लेखेको छैन प्रहरीको हक
बिना प्रहरीको हुन्छ क्षणमै देश ध्वस्त

प्रहरी सबै देशभक्त, गर्नुपर्छ उनीहरुलाई सशक्त
बनौं हामी सबै साथी, देशलाई हामी पुऱ्याऔं माथि
प्रहरी बिना हुन्छ अशक्त, बनौं हामी सबै देशभक्त
हामी नेपाली बभ्कदैनौं जाति, वीरगोर्खालिको हौं नाती

विदेश जानाले हुँदैन नेपालको तरक्की, फेरी आउनु पर्छ स्वदेश फर्की
चरी उड्दा राम्रो देखिन्छ आकाश, वीर प्रहरीले गर्दा हुन्छ विकास
सत्य सेवा सुरक्षणम् प्रहरीको कहनाम, सबै नेपालीलाई गर्छ उनले सम्मान
डर लाग्दैन हामी हौं नेपाली, भावनाका साथ भनौं जय गोर्खाली

त्यागी बास र कपास घुम्छन् प्रहरीहरु घाममा
कोही छैन संसारमा जसले ऋण चुक्ता गर्न सक्छ दाममा
गर्दैछ प्रहरीले विकास, दिन्छ सबै नेपालीले आर्शीवाद
सबै नेपालीको एउटै नारा, नेपालको गौरव हो प्रहरी सारा

*कक्षा-९, भुटनदेवी मावि, हेटौंडा-४*

# मेरो देश



**नितेश कुमार यादव**

सानो देश सानो गाउँ सानै छ जहान
नेपालको भेषभूषा लगाउने यो मेरो रहर
तराई प्रदेश नेपालको हो अन्न भण्डार
खेतीपाती गर्नाले चलेको छ नेपाल ।

छोराछोरी पढ्नाले राम्रो हुन्थ्यो
धनी देशमा अगाडि हुन्थ्यो नेपाल
नेपालको पहिलो प्रधानमन्त्री भिमसेन थापा हो
एसियाली तारा भनेर बुद्धलाई चिनिन्थ्यो ।

नेपाल हाम्रो भैरै टुक्रा टुक्रामा भएको
पृथ्वीनारायण शाहले हो नेपाल बनाएको
हिमाल हाँस्छ देखाई सेता दाँतका लहर
सानो देशलाई अगाडि बढाउने यो मेरो रहर ।

*कक्षा-६, भुटनदेवी मावि, हेटौंडा-४*

# मानिस कसरी चिनिन्छ



**सुदिक्षा थापा**

मनिस श्रृङ्गारिएको अनुहारले होइन,
ऊ भित्रको असल व्यवहारले चिनिन्छ ।

मानिस छल-कपट, कुकर्मले होइन,
ऊ भित्रको असल व्यवहारले चिनिन्छ ।

मानिस आफूमा भएका तागत र शक्तिले होइन,
ऊ भित्रको बौद्धिकताले चिनिन्छ ।

मानिस इर्ष्या र घमण्डीपनले होईन,
ऊ भित्रको सकारात्मक सोचले चिनिन्छ ।

मानिस उसले लगाएको गरगहनाले होइन,
ऊ भित्रको निस्वार्थ प्रेमले चिनिन्छ ।

मानिस धन-पैसाले होइन,
ऊ भित्रको सहयोगी भावले चिनिन्छ ।

हे जगतका सारा मानव हो,
कतै हजुरले मानिस चिन्न गल्ति गर्नुभयो भने
हरेक मानवको जिवन अर्थहिन बन्न पुग्छ ।

*कक्षा-७, कमाने एकेडेमी*

# भ्रष्टाचार



**प्रद्योत गुरागाई**

नेपाल सरकारमा बढी मुद्रा
जायर भएको हो भष्टाचार
जनतालाई अलि धेरै नै
असर पार्ने हो भ्रष्टाचार


पैंसाको घुस खाएर चुनावमा
जितेर गरिने हो भ्रष्टाचार
मानिसमा भएको चुनावको अधिकार
समाप्त गर्ने तत्व नै हो भ्रष्टाचार

चुनाव जिते नेपाल बदल्छन्
भन्दा हुँदैन त्यसको कारण हो भ्रष्टाचार
हारेको मानिसले बदल्छन्
नेपाल नगरी भ्रष्टाचार

राजतन्त्र आए तापनि नेपाल
अल्पविकसित राष्ट्र हुनुको कारण हो भ्रष्टाचार
नेताहरुले घुस खुवाएँ जित्छन् चुनाब
र राम्रो नेताले हार्ने कारण हो भ्रष्टाचार

*कक्षा-८, सिद्धार्थ शिशु सदन मावि, हेटौंडा-५*

# साथी



**अञ्जन प्रसाद यादव**


मेरो प्यारो साथी
चढ्छ छत माथि
माथि छ कमिलाको ताँती
कमिलाको ताँती देखिँदैन राती

हामी साथी साथी
मिलीजुली खान्छौं राती
हामी मिलीजुली खेल्छौं
खानेकुरा बाँडीचुँडी खान्छौं

मेरो साथीलाई सबैले भन्छन् ज्ञानी
साथीको स्वभाव छ राम्रो बानी
साथीसँग नाच्नलाई धेरै मजा आउने
सँग-सँगै पढ्ने अनि सँगै गीत गाउँने

*कक्षा-५, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल हेटौंडा-४*

# कल्युगको समाचार



**सरोजप्रसाद साह**

कुल्चिन्छ दु:खी, पाउँले यहाँ, कुल्चिएको समाज छ !
मुखमा हुन्छ, राम राम र, रावणराज विराज छ !!
काटिन्छ गला, कपटले यहाँ, बन्धु सत्रु सिकार छ !!!
यो कल्युगको समाचार छ, यहि कल्युगको समाचार छ !!!



भत्केको मस्जिद, टुटेको मन्दिर, अधर्म युद्ध विराज छ !
बलात्कृत नारी बिच सडकमा, बेचिएको न्याय छ !!
प्यास रगतको, भष्म चरित्र, नैतिकता लाचार छ !!!
यो कल्युगकार समाचार छ, यहि कल्युगको समाचार छ !!!



जुवाको जमाना, स्त्रीको व्यापार छ !
मासुको खाना हिंसक,पापी विचार छ !!
इमान्दारी र सत्यको हत्या, मानवताको बजार छ !!!
छ, यहि कल्युगको समाचार छ !!!!

यो कल्युगको समाचार
तडपिन्छ पेट, कुनै रातभर, अन्न पानी हडताल छ !
लुटिन्छ घर, बिच पहरमा, डाँकाराज विराज छ !!
धुवाँ धुलो अपवित्र मन र, यहि नवपहिचन छ !!!
यो कल्युगकाछ समाचार छ, यहि कल्युगको समाचार छ !!!

कुल्चिन्छ दु:खी, पाउँले यहाँ, कुल्चिएको समाज छ !
मुखमा हुन्छ, राम राम र, रावणराज विराज छ !!
काटिन्छ गला, कपटले यहाँ, बन्धु सत्रु सिकार छ !!!
यो कल्युगको छ समाचार छ, यहि कल्युगको समाचार छ !!!



# म हुँ ज्ञानी



**सृष्टि गुरुङ**

म हुँ सानी, सबैको ज्ञानी
सबैले भनेको मान्ने, म हुँ ज्ञानी ।

पढेर बन्ने हो ज्ञानी, शिक्षकले भनेको मानी
सबैले माया गर्ने, म हुँ नानी ।

म पढ्ने सात कक्षाम, केटाकेटी सबै ज्ञानी
साथीसाथी मिली बस्ने, सबै बन्ने ज्ञानी ।

*कक्षा-७, श्रमिक मावि, हेटौंडा-४, कर्रा*

# साताको राशिफल

**पं. ज्यो. तोयानाथ सुवेदी**
**सम्पर्क : ९७४५०२८५५५**



**मेष राशि**: व्यक्तित्व विकास र धनसम्वृद्धिमा आशावादी बन्दा राम्रो । व्ययभार र समस्यामा कमी आउला । निर्णयात्मक क्षमताले काममा दक्षता प्राप्त होला । दृढ इच्छाशक्तिले काममा लागि परिएला । धार्मिक तथा सामाजिक काममा सरिक ।

**वृष राशि**: सामाजिक तथा साँस्कृतिक कार्यक्रममा संलग्न भइने र मनोरञ्जनमा भुलिने समयको योग छ । नवीन ज्ञान प्राप्त होला । कामप्रति लगनशीलता बढ्ने छ । परोपकार र दानपुण्यमा समय व्यतित होला । कृषि–पशु–व्यापार–व्यवसाय मध्यम । नोकरीमा चुनौति र जोखिम बढ्ने समयको योग छ । विवादले मन खिन्न होला ।

**मिथुन राशि**: साँस्कृतिक क्रियाकलापमा सक्रिय भइनेछ । मातापिता वा मान्यजनको सहानुभूति र आर्शिवाद मिल्ने छ । काममा सफलता प्राप्त होला । व्यापार–व्यवसायमा सफलता प्राप्त योग देखिन्छ । शक्ति र समय त्यति खर्च नहुने समय छ । अध्ययन–अध्यापनका कामबाट लाभ प्राप्त होला । दौडधूपमा समय बित्ने छ ।

**कर्कट राशि**: आफूभन्दा ठूलाको आशिर्वादले र सहानुभूतिले आत्मविश्वास जाग्नेछ । आफ्नो काममा केन्द्रित हुँदा राम्रो रहन्छ । लक्ष्यप्रति दृढ भएर लाग्दा राम्रो होला । परोपकार र दानपुण्यबाट लाभ प्राप्त होला । धार्मिक सामाजिक काममा सरिक । पढाइ–लेखाइ मध्यमकारक रहला । आँटे ताकेका कामबाट लाभ प्राप्त ।

**सिंह राशि**: कर्मप्रति निष्ठा देखिन्छ । सिर्जनात्मक कामबाट सन्तुष्टि मिल्नेछ । भाग्यबल बढ्दै जाला । हाँके/ताकेका काममा सफलता प्राप्त हुनेछ । भाग्यले नचिताएको उपलब्धी हाँसिल होला । सामाजिक तथा आध्यात्मिक योगबाट लाभ प्राप्त होला । अध्ययन–अध्यापनको कामबाट लाभ प्राप्त हुनेछ ।

**कन्या राशि**: दुराशा र महत्वकांक्षाले केवल निराशामात्र बढ्दछ । हतारमा लिएको निर्णय गलत हुनसक्छ । संयमताले काम गर्दा राम्रो रहन्छ । व्यापार–व्यवसाय मध्यमकारक रहन्छ । सामाजिक,साँस्कृतिक तथा धार्मिक काममा सरिक । पढाइ–लेखाइका कामहरु मध्यम । पुरस्कार र सम्मान पाइने समय योग छ ।

**तुला राशि**: पेशा र व्यवसाय ठिकै रहला । शान्त र रमाइलो वातावरणको सिर्जना हुनेछ । व्यवहारिक र व्यवसायिक चिन्तनका लागि उपयुक्त समय छ । घुमघाम र भेटघाटको समय छ । आनन्द र रमणीयताका लागि समय योग छ । आफूभन्दा ठूलाको आशिर्वाद प्राप्त होला । पढाइ–लखाइ मध्यमकारक छ ।

**वृश्चिक राशि**: सकारात्मक र व्यवहारिक सोचको विकास हुनेछ । आफूभन्दा ठूला व्यक्तिको आशिर्वादले नयाँ सोपान फेला पर्ला । मनमा रिस र घमण्ड त्याग गर्दा राम्रो । उत्ताउलो र भड्किलोपनले हानी पुऱ्याउँला । तर्क,बहस र वादविवादबाट बच्दा राम्रो रहन्छ । पढाइ–लेखाइ मध्यम ।

**धनु राशि**: नयाँ प्रविधि र सिपले व्यवहारमा परिवर्तन होला । आजको परिश्रमले भविष्यमा मार्गनिर्देश गर्ला । सानातिना समस्या हल हुने समय योग छ । गरेको प्रयासबाट सार्थक फल प्राप्त होला । व्यापार–व्यवसाय मध्यम छ । धार्मिक तथा सामाजिक काममा सरिक र लाभ प्राप्त हुनेछ । कार्यक्षेत्र वा प्रशासनिक काम कारोबारमा गोपनियता राख्दा राम्रो रहन्छ ।

**मकर राशि**: समय उपलब्धीपूर्ण र लाभप्रद नै होला । नयाँ काम धन्दा वा व्यवसाय शुरु गर्न अनुकूल समय छ । परिश्रमको मीठो फल प्राप्त हुने समय छ । लक्ष्य प्राप्तिमा कठिनाइ उत्पन्न हुनेछ । प्रगतिका निम्ति सचेत र संयम हुनु ठिक हुन्छ । धार्मिक र सामाजिक काममा सरिक । व्यापार–व्यवसाय ठिकै छ ।

**कुम्भ राशि**: रामरमाइलो त्यागेर पराक्रमी र सामाजिक क्रियाकलापमा संलग्न भइनेछ । सिर्जनात्मक र रचनात्मक काममा जुट्ने अवसर मिल्ला । विगतमा गरेको कामको प्रतिफल पाइएला । मानसिक क्षमताको उपयोग होला । सामाजिक र परोपकारजन्य काममा सरिक भइने छ । भेटघाट र रमाइलोमा सरिक ।

**मीन राशि**: समय ठिकै छ । समस्यामाथि विजय प्राप्त होला । नयाँ ठाउँमा निवेशको योग बनेको छ । हातमा अचानक नसोचेको काम आइपर्ने छ । शिक्षादीक्षा तर्फको काममा सरिक भइने समय छ । व्यापार–व्यवसाय मध्यम । धार्मिक र परोपकारजन्य काममा सरिक भइने समय योग देखिन्छ




सामुदायिक रेडियो, रेडियो निकास
९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

# म्यानेजमेन्टमा बास्केटबल प्रतियोगिता सुरु



उद्घाटन खेलमा प्रतिस्पर्धा गर्दै विज्ञान संकाय र होटल म्यानेजमेन्टका खेलाडी ।

समाज संवाददाता

हेटौँडाः हेटौँडा स्कूल अफ म्यानेजमेन्टमा शुक्रबारबाट बास्केटबल प्रतियोगिता सुरु भएको छ। म्यानेजमेन्टमा अध्ययनरत विद्यार्थीबीच नै प्रतियोगिता आयोजना गरेको हो । दोस्रो संस्करणको प्रतियोगितामा पुरुषतर्फ ६ वटा टिम सहभागी छन् भने महिलातर्फ २ वटा टिम सहभागी रहेको म्यानेजमेन्टका शैक्षिक निर्देशक दिपेश जोशीले जानकारी दिनुभएको छ ।

हेटौँडा स्कूल अफ म्यानेजमेन्टका प्रिन्सीपल पुरनबहादुर जोशीको अध्यक्षता तथा मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भेष खड्गीको प्रमुख आतिथ्यमा प्रतियोगिताको उद्घाटन कार्यक्रम भएको थियो । प्रतियोगितामा प्रथम हुने टिमले नगद १० हजार रुपैयाँसहित सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने दोस्रो हुने टिमले नगद ७ हजार रुपैयाँसहित सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । महिला र पुरुष दुबैतर्फ पुरस्कार रकम समान गरिएको निर्देशक जोशीले बताउनुभयो । प्रतियोगिताको उत्कृष्ट खेलाडीले नगद ५ हजार रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछ । प्रतियोगिताको फाइनल खेल आइतबार हुनेछ ।

प्रतियोगिताको उद्घाटनको अवसरमा मकवानपुर जिल्ला खेलकुद विकास समितिले २ वटा बल समेत हस्तान्तरण गरेको छ । शुक्रबार भएको पहिलो खेलमा विज्ञान संकायको टिम विजयी भएको छ। विज्ञान संकायले होटल म्यानेजमेन्टलाई ३१-२६ को स्कोरमा पराजित गर्‍यो । विज्ञान संकायका लागि रेजिन थापा मगरले १४ अंक दिलाएका थिए । यस्तै दोस्रो खेलमा बीसीएले १२ कक्षा वाणिज्यलाई ३१-१८ को स्कोरमा पराजित गर्‍यो । बीसीएका लागि सुजल बोहरा एक्लैले २१ अंक दिलाएका थिए ।

प्रतियोगिताको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै प्रिन्सीपल पुरनबहादुर जोशीले क्याम्पसका विद्यार्थीलाई जिल्ला हुँदै प्रदेश र राष्ट्रियस्तरको प्रतियोगितामा सहभागी गराउने बताउनुभयो। विद्यार्थीले मिहिनेत गर्नुपर्ने उल्लेख गर्नुहुँदै प्रिन्सीपल जोशीले खेलकुदको विकासका लागि म्यानेजमेन्टले प्रशिक्षक नै नियुक्त गरेको जानकारी गराउनुभयो। मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भेष खड्गीले शिक्षासँगै खेलकुदमा हेटौँडा स्कूल अफ म्यानेजमेन्टले उल्लेखनीय योगदान गरिरहेको बताउनुभयो ।

गत वर्षबाट सुरु भएको प्रतियोगितालाई थप व्यवस्थित बनाउने प्रयास भएको शैक्षिक निर्देशक दिपेश जोशीले बताउनुभएको छ। गत वर्ष हाफ कोर्टमा पहिलो संस्करणको प्रतियोगिता आयोजना गरिएको उल्लेख गर्नुहुँदै निर्देशक जोशीले भन्नुभयो, "यस वर्ष हामीले फुल कोर्टमा प्रतियोगिता आयोजना गर्दैछौं । दुईवटा मात्रै भए पनि महिला टिम तयार पारेका छौं। प्रतियोगिताबाट हामी कलेजको बास्केटबल टिम तयार पार्छौं ।" म्यानेजमेन्टले लिजमा लिएको जग्गामा १५ लाख रुपैयाँ लगानी गरेर बास्केटबल कोर्ट तयार पारेको छ।

# वनदेवी आविमा अभिभावक भेला

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१५, चुरियामाईस्थित वनदेवी आधारभूत विद्यालयको ३३औं अभिभावक भेला आज भएको छ । अभिभावक भेलाको अवसरमा विद्यालयलाई सहयोग गर्ने व्यक्तिहरुलाई सम्मान गरिएको विद्यालयकी शिक्षक भावना सापकोटाले जानकारी दिनुभएको छ। वडा अध्यक्ष सुनिल मोक्तानको प्रमुख आतिथ्यमा अभिभावक भेला भएको हो ।

विद्यालयको वरपर वृक्षरोपण गर्न २५ हजार रुपैयाँसहित विद्यालयलाई टेलिभिजन सहयोग गर्नुभएका पुरनबहादुर जोशी, सामुदायिक विकास संस्था नेपाल र प्लान नेपाललाई सम्मान गरिएको हो । प्लान नेपाल र सामुदायिक विकास संस्था नेपालको सहयोगमा विद्यालयमा १ कक्षादेखि ३ कक्षासम्मका कक्षाकोठाको भुइँमा कार्पेट लगाउने, भित्तेलेखन गर्ने गरिएको छ । विद्यालयले विद्यालयको सुरक्षाकर्मीलाई सम्मान गर्नुका साथै र विद्यालय आएका शिक्षकलाई स्वागत गरेको छ ।

अभिभावक भेलामा गत वर्षका उत्कृष्ट विद्यार्थीहरुलाई पुरस्कार वितरण गरिएको छ । यस्तै विद्यालयको अतिरिक्त क्रियाकलापमा सहयोग गर्ने विद्यार्थी, राष्ट्रियस्तरमा विभिन्न खेलहरुमा विजयी भएका विद्यार्थीलाई पनि सम्मान गरिएको शिक्षक सापकोटाले बताउनु भयो । अभिभावक भेलामा विद्यालयको आर्थिक एवम् प्रगतिविवरण प्रधानाध्यापक जयप्रकाश पोखरेलले प्रस्तुत गर्नुभएको थियो । यस्तै विद्यालयको गतिविधि र भावी योजनाको बारेमा पनि भेलामा छलफल भएको छ। कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दिलबहादुर घिमिरेको पनि उपस्थिति रहेको थियो ।

# जिल्लास्तरीय तेक्वान्दो प्रतियोगिता सुरु



जिल्लास्तरीय तेक्वान्दो प्रतियोगितामा प्रतिस्पर्धा गर्दै ।

समाज संवाददाता

हेटौँडाः १६औं जिल्लास्तरीय तेक्वान्दो प्रतियोगिता हेटौँडामा शुक्रबार बिहानबाट सुरु भएको छ। शनिबारसम्म सञ्चालन हुने प्रतियोगितामा जिल्लाभरका २१ वटा डोजाङबाट ३ सय खेलाडी सहभागी छन् । मकवानपुर जिल्ला तेक्वान्दो कार्यसमितिको आयोजनामा भएको प्रतियोगितामा पुरुषतर्फ २० केजीदेखि ६२ केजी तौलसम्म तथा महिलातर्फ २० केजीदेखि ५८ केजी तौल समूहमा प्रतिस्पर्धा भइरहेको छ ।

प्रतियोगितामा महिला र पुरुष दुबैमा ११ वटा तौल समूहमा खेल भइरहेको प्रतियोगिताकी संयोजक निरु मगरले जानकारी दिनुभयो । प्रतियोगितामा सेमीफाइनल र फाइनल चरणका खेलहरु शनिबार हुने बताइएको छ । हेटौँडा-४ स्थित बहुउद्देश्यीय कभर्ड हलमा मकवानपुर जिल्ला तेक्वान्दो कार्यसमितिका अध्यक्ष लालकाजी रत्न बज्राचार्यको अध्यक्षता तथा हेटौँडा उपमहानगर पालिकाका निवर्तमान नगरप्रमुख हरिबहादुर महतको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम भएको थियो । प्रतियोगिताको विजेता र उपविजेताका लागि मकवानपुर जिल्ला खेलकुद विकास समितिले शिल्ड उपलब्ध गराएको छ। टाढाबाट आएका खेलाडीका लागि जिल्ला खेलकुद विकास समितिले आवासको व्यवस्था समेत गरिदिएको छ।

उद्घाटन कार्यक्रममा मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भेष खड्गी, सदस्य शोभा घिमिरे, मकवानपुर जिल्ला बक्सिङ संघका अध्यक्ष सुशील घिमिरे, मकवानपुर जिल्ला क्रिकेट संघका अध्यक्ष करण महत्रा, मकवानपुर जिल्ला हक्की संघका अध्यक्ष प्रतापसिं क्षेत्री, मकवानपुर जिल्ला खेलकुद विकास समितिको कार्यालयका प्रमुख माधव कोइरालाको पनि आतिथ्य रहेको थियो । प्रतियोगितामा हेटौँडा उपमहानगरसँगै बागमती, बकैया, इन्द्रसरोवर र कैलाश गाउँपालिकाका डोजाङबाट खेलाडी सहभागी छन् ।

पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लि. को
सातौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सातौं साधारणसभा तपसील बमोजिम आयोजना गरिएकोले उल्लेखित मिति, समय र स्थानमा आयोजना गरिएको जानकारीसहितको पत्र सम्पूर्ण सेयर सदस्यलाई पठाई सकिएको छ । यदि पत्र प्राप्त नभए यसै सूचनालाई आधार मानी सम्पूर्ण सेयर सदस्यज्यूहरुलाई उपस्थितिका लागि जानकारी गराइन्छ ।

मितिः २०८०/०६/२० गते
समयः बिहान ११:०० बजे
स्थानः क्लब हेटौँडा पार्टी प्यालेस
हेटौँडा-४,

अध्यक्ष
पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लि.
हेटौँडा-२, मकवानपुर

## नागस्वती भेट्रान्स फुटबलः फाइनल समीकरण पूरा

# नागस्वती 'ए' र 'बी' बिच प्रतिस्पर्धा हुने



समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी नागस्वती भेट्रान्स खुला नकआउट फुटबल प्रतियोगिताको फाइनल समीकरण पूरा भएको छ। आज शनिबार हुने फाइनलमा नागस्वती भेट्रान्स 'ए' र 'बी' टिमबीच भिडन्त हुने भएको हो ।

हेटौंडा-६ स्थित पिल्ले क्याम्पा रंगशालामा शुक्रबार सेमिफाइनलका २ वटा खेल सम्पन्न भएसँगै फाइनल समीकरण पूरा भएको हो । पहिलो सेमिफाइनल खेलमा नागस्वती भेट्रान्स 'बी'ले एनआरटी भेट्रान्स काठमाडौंलाई ३-१ गोल अन्तरले पराजित गर्दै फाइनलमा प्रवेश गरेको छ। यस्तै, दोस्रो सेमिफाइनल खेलमा नागस्वती भेट्रान्स 'ए'ले चितवन भेट्रान्सलाई १-० गोल अन्तरले पराजित गर्दै फाइनलमा प्रवेश गरेको हो ।

नागस्वती 'ए'को तर्फबाट दोस्रो हाफको ४४ औ मिनेटमा दीपेन राईले निर्णायक गोल गरे । नागस्वती 'बी'को तर्फबाट विकर्ण श्रेष्ठले पहिलो गोल र राजकुमार घिसिङले थप २ गोल गरेका थिए । खेलको म्यान अफ द म्याच नागस्वती 'ए'का दीपेन र 'बी'का राजकुमार घोषित भए ।

प्रतियोगिताको उपाधि विजेता टिमले २ लाख १ हजार रुपैयाँ र उपविजेटा टिमले १ लाख १ हजार रुपैयाँसहित ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने विधागत उत्कृष्ट खेलाडीहरुले समेत विशेष पुरस्कार प्राप्त गर्नेछन् । फाइनल खेल आज शनिबार दिउँसो ३ बजे हुनेछ।

## विश्वकप क्रिकेट

# पाकिस्तानको विजयी सुरुवात

एजेन्सीः उपाधिको दाबेदार पाकिस्तानले आइसिसी विश्वकप २०२३ मा नेदरल्यान्ड्सलाई ८१ रनले हराउँदै विजयी सुरुवात गरेको छ। जितका लागि २ सय ८७ रनको विजयी लक्ष्य पछ्याएको नेदरल्यान्ड्स ४१ ओभरमा २ सय ५ रनमा अल आउट भयो ।

हैदराबादमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको पाकिस्तान ४९ ओभरमा २ सय ८६ रनमा अल आउट भएको थियो । पाकिस्तानको जितमा विकेटकिपर मोहम्मद रिजवान र साउद सकिलले सर्वाधिक समान ६८ रनको योगदान दिए। रिजवानले ७५ बलमा ८ चौका तथा सकिलले ५२ बलमा ९ चौका र १ छक्का हाने । अब पाकिस्तानले मंगलबार श्रीलंकासँग खेल्नेछ । नेदरल्यान्ड्स सोमबार न्युजिल्यान्डसँग खेल्नेछ। न्युजिल्यान्डले पहिलो खेलमा इंग्ल्यान्डलाई ९ विकेटले हराएको थियो। विश्वकपमा शनिबार दुई खेल हुनेछन्। बिहान बंगलादेश र अफगानिस्तानबीच धर्मशालमा खेल हुनेछ। उक्त खेल बिहान १०:४५ मा हुनेछ। दिउँसो २:४५ मा दिल्लीमा दक्षिण अफ्रिका र श्रीलंकाबीच प्रतिस्पर्धा हुनेछ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

A.N.B. ELECTRONICS
Hetauda-4, Khopegalli

२०-२५%
दशैं विशेष अफर



AC, FREEZE, REFRIGERATOR, WASHING MACHINE, DEEP FREEZER, COOlER तथा अन्य ईलेक्ट्रोनिक्स सामानहरू होलसेल मुल्यमा पाईन्छ ।
साथै AC, FREEZE, REFRIGERATOR, WASHING MACHINE, मर्मत गर्नुपरेमा तपाईको घरमै प्राविधिक उपलब्ध गराईनेछ ।

प्रोप्राईटरः अंकित ढकाल
९८५५०-६२९७७

दरवार एग्रोमार्टको
दशैं
बम्पर अफर
१० असोज देखि कार्तिक ११ गते सम्मको अवधिमा एक पटकमा ५०००।- वा सो भन्दा बदी रकमको सामाग्रीहरू खरीदमा लक्की-ड्र मार्फत ३ जोडीलाई पुरस्कार वितरण गरिने छ ।
पुरस्कारहरू
- १ दिन सौराहा टुर प्याकेज
- २ जोडी लाई डिनर प्याकेज
सम्पर्कः ९८४५४३८८६०/०५७-५९११५९
DURBAR AGRO MART
Hetauda–4, Shitalmahal road

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ